टेम्केमैयुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर

कोशी प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

## प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/०३)

टेम्केमैयुङ गाउँपालिकाको करारमा कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यबिधि २०७५ तथा कार्यालयको मिति २०८०/०२/०३ गतेको निर्णयानुसार यस गाउँपालिकामा देहायका सेवा, संख्या र योग्यता भएका पशु स्वास्थ्य/भेटेरीनरी प्राविधिक र सुरक्षित आप्रवासन परियोजना (Safer Migration Program) को समेत जनशक्ति करार सेवामा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दिनको २ बजे सम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपशील**

| क्र.सं. | बिज्ञापन नम्बर | पद | तह | सेवा/समूह | संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ११/२०७९/८० | पशु स्वास्थ्य प्राविधिक | सहायक पाचौ | कृषि/भेटेरीनरी | १ | ५००।– |
| २ | १२/२०७९/८० | रिटर्नी स्वंयसेवक | - | - | १ | ३००।– |

१.**न्यूनतम शैक्षिक योग्यता**

**क) पशु स्वास्थ्य प्राविधिकको हकमा:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह (आई.एस्सी. एग्) उतीर्ण वा एस. एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरि पशु विज्ञान विषयमा न्यूनतम ३ वर्ष अवधिको पशु विज्ञान विषयमा डिप्लोमा उर्त्तिण वा पशु विज्ञान विषयमा जे.टि.ए. कोर्ष उर्त्तिण गरि पशु विज्ञान विषयमा १ वर्ष जे.टि. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उर्त्तिण हुनु पर्नेछ ।

**ख) रिटर्नी स्वंयसेवकको हकमा:** न्यूनतम कक्षा ८ पास गरी बैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गइ कम्तीमा १ वर्ष वा सो भन्दा माथि काम गरेको अनुभव भएको, सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र सामाजिक कार्यमा रुचि भएको स्पष्ट सञ्चार क्षमता भएको लाई प्राथमिकता दिईनेछ ।

२. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** :उम्मेदवारको ब्यक्तिगत बिवरण, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साईजको ३ प्रति फोटो र बैंक भौचर संलग्न हुनु पर्ने छ। साथै रिटर्नी स्वंयसेवकको हकमा पासर्पोटको प्रतिलिपी पेश गर्नु पर्नेछ।

३.**उमेर:** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको हुनु पर्ने छ साथै महिलाको हकमा १८ बर्ष भई ४० बर्ष ननाघेको हुनु पर्नेछ।

४.टेम्केमैयुङ गाउँपालिका करारमा प्राबिधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यबिधि २०७५ बमोजिम सर्ट लिस्टमा नाम छनौट भएका आवेदकहरुबाट लिखित र मौखिक परीक्षा लिईनेछ । साथै रिटर्नी स्वंमसेवक वाहेक अन्य पदहरुको हकमा कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान भएको हुनु पर्नेछ।

५.**दरखास्त दस्तुर बुझाउने :** टेम्केमैयुङ गाउँपालिका अन्नपूर्णमा रहेको माछापुच्छे बैंकमा यस गाउँपालिकाको ग–१.१ आन्तरीक राजश्व खाता नं. ०८८००६७५७५५००३१ जम्मा गरि सक्कलै भौचर दरखास्त साथ संलग्न गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

६.**दरखास्त फारम पाईने स्थान:–** गाउँपालिकाको कार्यालय वा www.tyamkemaiyummun.gov.np बाट download गर्न सकिने छ ।

७.**दरखास्त बुझाउने स्थान:–** कार्यालय समयमा गाउँ कार्यपालिकाको कार्यालयमा वा Email-temkemunbhp@gmail.com बाट समेत बुझाउन सकिनेछ ।

८.**करार सेवा अवधि:–** २०८० असार मसान्त सम्म, सो पश्चात गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

९.**सेवा सुविधा–**नेपाल सरकारको नियमानुसार हुने छ । भने रिटर्नी स्वंसेवकको हकमा (सुरक्षित आप्रवासन परियोजना ) कार्यक्रमको नियमानुसार हुनेछ।

१०. **पशु स्वास्थ्य प्राविधिकको हकमा** तालिम लिएका लाई बिशेष प्राथमिकता दिईनेछ ।

११ दरखास्त दिने अन्तिम मिति :- २०८०/०२/०९ गते मंगलवार ।

१२. **परीक्षा मिति:** २०८०/०२/१२ गते बिहानको ११ बजे ।

नोट– विस्तृत जानकारीको लागि Official website:www.tyamkemaiyummun.gov.np & facebook Page बाट समेत हेर्न सकिने छ । सम्पर्कको लागि कृषि तथा पशुपन्छी शाखा ९८६३६७१३५४ सूचना प्रबिधि शाखा ९८५२०५२९९५

टेम्केमैयुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत